# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

बैठक संख्याः २०-२०८१/०८२

मिति २०८२/०३/२७ गते शुक्रबार समयः बिहान ११:३० बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री जगत बहादुर बस्नेत | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (प्र.प्र. अधिकृत)

श्री जीवन ढकाल (जिन्सी शाखा प्रमुख)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

मितिः २०८२/०३/२७ | बैठक संख्याः २०-२०८१/०८२

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. कर्मचारी करार म्याद थप सम्बन्धमा।
३. सम्पन्न हुन बाँकी योजना सम्बन्धमा।
४. ठेक्का म्याद थप सम्बन्धमा।
५. अन्य विविध।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयन प्रकृयामा गएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई नियमानुसार कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा देवघाट गाउँपालिकाको कार्यालयमा कृषि स्नातक, कृषि तर्फ र अमिन सहायक चौथो तहको पदमा कार्यरत कर्मचारीहरुको आ.व. २०८२/८३ का लागि करार म्याद थप नगर्ने र सो बाहेक गाउँपालिका कार्यालय वा अन्तर्गतका वडा तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको करार सम्झौतामा उल्लेखित सेवा शर्त र सुविधा हुनेगरी आ.व. २०८२/८३ को श्रावण देखि पौष मसान्तसम्म करार सम्झौता म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा चा.लु. आ.व. मा सम्झौता भई काम सुरु भई हालसम्म कार्य सम्पन्न नभएका योजनाहरुको आगामी आ.व. २०८२/८३ मा निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिमका ठेक्काहरुको ठेक्का म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

क) देवघाट गाउँपालिकाको ठेक्का नं. NCB/DRM/ROAD/02/2080/081 दासढुंगा देवघाट बेणीसंगम चक्रवर्ती हर्दी पदमार्गको निर्माण कार्य योजनाको ठेक्काको म्याद २०८२ असोज मसान्तसम्म थप गर्ने निर्णय गरियो।

ख) देवघाट गाउँपालिकाको ठेक्का नं. NCB/DRM/Road/CN1/2079/080 घिनाटार टाउनचोक देउपुर रोड अपग्रेडिङ कार्यको ठेक्का म्याद २०८२ असोज २५ गतेसम्म थप गर्ने निर्णय गरियो।

ग) देवघाट गाउँपालिका कार्यालयको ठेक्का नं. NCB/DRM/ROAD/03/2081/82, देवघाट वेणीसंगम चक्रवर्ती हर्दि पदमार्ग (ठिमुरा पुल देखि वेणीसंगम सेक्सन) निर्माण योजनाको ठेक्का म्याद २०८२ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो।

निल बहादुर थापा
अध्यक्ष

CamScanner

घ) देवघाट गाउँपालिकाको ठेक्का नं. NCB/DRM/ROAD/06/2081/082, साउने कर्ताप फोक्सेपानी नयाँ ट्र्याक खोल्ने र स्तरोन्नती गर्ने योजनाको ठेक्का म्याद थपको लागि आवश्यक पर्ने बैंक ग्यारेन्टी लगायत अन्य डकुमेन्ट पेश गर्न लगाई म्याद थप प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

ङ) देवघाट गाउँपालिकाको ठेक्का नं. NCB/DRM/CH/18/2081/082, मधु कभर्ड हल निर्माण कार्यको ठेक्का म्याद २०८२ असोज मसान्तसम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ६ का सम्बन्ध छलफल गर्दा देहाय बमोजिम निर्णयहरु गरियो।

क) देवघाट गाउँपालिका अध्यक्षको आवास प्रयोजनको लागि यस कार्यालय र देवघाट-५ निवासी श्री थम बहादुर गुरुङ बीच भएको सम्झौता बमोजिम साविक घर भाडा दररेटमा नबढ्ने गरी आ.व. २०८२/०८३ का लागि घर भाडा सम्झौता म्याद थप गर्ने निर्णय गरियो।

ख) देवघाट गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत आवास प्रयोजनको लागि यस कार्यालय र ललितपुर-१० निवासी श्री सरिता सुवेदी बीच भएको सम्झौता बमोजिम साविक घर भाडा दररेटमा नबढ्ने गरी आ.व. २०८२/०८३ का लागि घर भाडा सम्झौता म्याद थप गर्ने निर्णय गरियो।

ग) देवघाट गाउँपालिका अध्यक्ष यातायात सुविधाको प्रयोजनको लागि यस कार्यालय र बौदीकाली गा.पा. नवलपरासी ब.सु.पू. निवासी श्री चेत बहादुर सारु मगर बीच भएको हलुका सवारी साधन भाडामा लिने सम्झौता बमोजिम साविक दररेटमा नबढ्ने गरी आ.व. २०८२/०८३ का लागि हलुका सवारी साधन भाडामा लिने सम्झौता म्याद थप गर्ने निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष